मुख्यमन्त्री

कोशी प्रदेश, विराटनगर नेपाल

# शुभकामना

इस्लाम धर्मावलम्वीहरूको महान् चाड ईद (ईद-उल-फित्र) पर्वको सुखद अवसरमा स्वदेश तथा विदेशमा रहनुहुने सम्पूर्ण नेपाली दाजुभाइ, दिदीबहिनीमा सुख, शान्ति, सुस्वास्थ्य, समुन्नति र दीर्घजीवनको शुभकामना प्रकट गर्दछु ।

महान पर्व ईद-उल-फित्र नेपाल लगायत विश्वभरिकै मुस्लिम समुदायले धुमधामका साथ मनाइरहेका छन् । इस्लाम धर्मावलम्वीहरूले भातृत्व प्रेम, विपन्नलाई सहयोग, आपसी सदभावको पर्वको रूपमा मनाइने ईद पर्वले सबै नेपालीमा बन्धुत्व प्रेमको भावना जागृत गराउन, सामाजिक सद्भाव कायम राख्न प्रेरणा प्राप्तीको कामना गर्दछु ।

इद पर्वमा मुस्लिम समुदायले वर्षभरि आर्जन गरेको धनबाट विपन्न गरिवका साथै सामाजिक कार्यका लागि दान गर्नै पर्ने परम्पार सबै जातजाति, वर्ग, धर्म, समुदायका लागि अनुकरणीय छ । तसर्थ इद पर्वले सबैमा सहयोगी भावनाको विकासका लागि प्रेरणा प्राप्त हुने विश्वास व्यक्त गर्दछु ।

नेपाल तथा कोशी बहुधार्मिक, बहुसांस्कृतिक, बहुभाषिक र बहुजातीय विशेषता भएको देश तथा प्रदेश हो। यस देश र प्रदेशमा प्रत्येक जाति, धर्म, वर्ग र समुदायमा आ-आफ्नै संस्कार, संस्कृति, रीतिरिवाज, भाषा, भेषभूषा, पहिचान र सभ्यता विद्यमान छन् । प्रदेश सरकार सबै जाति, धर्म, वर्ग र समुदायका यस्ता मौलिक विशेषता, पहिचान र सभ्यताको संरक्षण र संवर्धन गर्न क्रियाशील एवम् प्रतिबद्ध छ ।

अतः यस पर्वले सम्पूर्ण नेपाली तथा प्रदेशवासीबिच बन्धुत्व, प्रेम, सहिष्णुता र सम्मान कायम गर्दै राष्ट्रिय एकताको सूत्रलाई बलियो बनाउने कुरामा म विश्वस्त रहँदै इद पर्वको अवसरमा सबैमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु ।

मिति : २०८० चैत २९ गते बिहीवार
नेपाल संवत् : ११४४ चौलाथ्व तृतिया

केदार कार्की
मुख्यमन्त्री